गाउँकार्यपालिकाबाट पारित मितिः २०७७।८।४

# युवा तथा कोभिड-१९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन कार्यविधि,२०७७

सिम्ता गाउँपालिका

सिम्ता गाउँकार्यपालिकाको कार्यालय

सुर्खेत,कर्णाली प्रदेश

प्रमाणित गर्ने

नामः

पदः

मितिः २०७७।।

पृष्ठ संख्याः १४

दस्तखतः

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

# युवा तथा कोभिड–१९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>**: नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी तथा कृषि प्रसार सेवालाई स्थानीय तहको एकल अधिकारको रुपमा बिस्तृतिकरण गरिएको छ । यिनै प्रावधान अनुसार युवा कृषकहरुको क्षमता विकास तथा प्राविधिक सेवा उपलब्ध गरी स्थानीय स्तरमा नै बिश्व महामारी कोरोना भाईरस (कोभिड -१९) बाट प्रभावित भई भारत तथा अन्य देशबाट फर्केका युवाहरुलाई युवा व्यवसायी फर्म, युवा सहकारी व्यवसायी फर्मको माध्यमबाट कृषि व्यवसायमा संलग्न गराई रोजगारी सृजना गरी आयआर्यजनमा वृद्धि गर्न सिम्ता गाउँपालिकाको युवा कृषकहरुको लागि कृषि नीति तथा कार्यक्रम २०७७ अनुसार युवा व्यवसायी निजी फर्म, युवा व्यवसायी सहकारी फर्म दर्ता गरी वेरोजगार युवाहरुलाई कृषि व्यवसाय प्रवद्र्धन गर्न **युवा तथा कोभिड–१९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन कार्यविधि, २०७७** तयार गरि जारि गरीएको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** १) यो कार्यविधिको नाम "**युवा तथा कोभिड–१९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन कार्यविधि, २०७७** "रहेकोछ ।

९२) यो गाउँ कार्यपालिकावाटस्विकृतभएकोमितिवाटलागुहुनेछ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

९क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई बुझाउँछ ।

९ख) "कार्यविधि" भन्नाले गाउँपालिकाको कोभिड–१९ बाट प्रभावित युवाहरुलाई कृषि व्यवसाय प्रवद्र्धन कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

९ग) "अध्यक्ष" भन्नाले सिम्ता गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

९घ) "उप–अध्यक्ष" भन्नाले सिम्ता गाउँपालिकाको उप–अध्यक्ष सम्झनु पर्छ ।

९ङ) "गाउँपालिका" भन्नाले सिम्ता गाउँपालिकालाई सम्झनु पर्छ ।

९च) "वडा" भन्नाले सिम्ता गाउँपालिकाको वडाहरुलाई सम्झनु पर्छ ।

(छ) "वेरोजगार युवा" भन्नालेकोभिड–१९प्रभावितभई गाउँपालिकामा फर्केका, रोजगारीको लागि अध्ययन पुरा गरी रोजगार नपाएका, रोजगारीको लागि विदेश जान नपाएका महिला तथा पुरुष युवाहरुलाई सम्झनु पर्छ ।

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

(ज) "युवाव्यवसायी निजी फर्म" भन्नाले सिम्ता गाउँपालिकामा दर्ता भै नियामानुसार कृषि सम्वन्धी व्यवसाय संचालन गर्न कोभिड–१९ बाट रोजगार गुमाएका, रोजगारीको लागि अध्ययन पुरा गरी रोजगार नपाएका, रोजगारीको लागि विदेश जान नपाएका महिला तथा पुरुषहरुको युवा व्यवसायी उद्यमीहरुको नीजि फर्मलाई सम्झनु पर्दछ ।

(झ) "युवा व्यवसायी सहकारी फर्म" भन्नाले कोभिड–१९ बाट रोजगार गुमाई गाउँपालिका फर्केका, रोजगारीको लागि अध्ययन पुरा गरी रोजगार नपाएका, रोजगारीको लागि विदेश जान नपाएका महिला तथा पुरुष युवाहरुको कृषि व्यवसाय संचालन गर्न सहकारी ऐन २०७४ वा सिम्ता गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम दर्ता भएको साझेदारी फर्मलाई सम्झनु पर्दछ ।

९ञ) "कृषि व्यवसाय" भन्नाले रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि गर्न सहयोग पुर्याउने व्यवसायीक कृषि उत्पादन जस्तै मौसमी तथा वेमौसमी तरकारी खेती, मसला उत्पादन तथा प्रशोधन, फलफूल उत्पादन तथा प्रशोधन, विरुवा उत्पादन, बीउ उत्पादन, प्रशोधन तथा वजारीकरण, कुखुरा पालन, वाख्रा पालन, दुध उत्पादन, मह उत्पादन तथा प्रशोधन आदिलाई बुझ्नु पर्दछ ।

९ट) "कृषि विकास समिति"भन्नाले गाउँपालिकामा गठन भएको कृषि विकास समितिलाई सम्झनु पर्छ ।

९ठ) "अनुगमन समिति" भन्नाले पालिकास्तरमा उपप्रमुखको संयोजकत्वमा गठन भएको सुपेरिबेक्षण समिति वा सुपेरिबेक्षण समितिसंगको समन्वयमा कृषि विकास समितिद्वारा गठित अनुगमन उपसमितिलाई सम्झनु पर्दछ । यस कार्यविधिमा कृषि विकास समितिले गाउँपालिकामा संचालन भएको निजी व्यवसायी र सहकारी युवा व्यवसायी फर्मले संचालन गरेका व्यवसाय तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भयो भएन भनेर अनुगमन गर्नेछ ।

**३. <u>यस कार्यविधिका उद्देश्यहरुः</u>**

९१) यस गाउँपालिकामा दीर्घकालिन रुपमा वेरोजगार युवा कृषकहरुलाई कृषि व्यवसायमा संलग्न गराई कृषि व्यवसायबाट गाउँपालिकाको आर्थिक उन्नति गर्ने ।

९२) गाउँपालिकाका युवाहरुलाई कृषि व्यवसायमा बढीभन्दा बढी क्षमता विकास गरी कृषि जन्य कच्चा पदार्थको उत्पादन गरी उद्योग कलकारखानाको स्थापना गर्न सहयोग गर्ने ।

९३) गाउँपालिकाका युवा कृषकहरुलाई कृषि पेशाबाटै आर्थिक उन्नती गर्न सकिन्छ भन्ने यथार्थलाई साकार रुप दिनको लागि उनीहरुलाई,ब्यबसायिक फर्म, कृषक समुह, सहकारी संस्था तथा सामुदायिक फर्महरुमा संलग्न गराई कृषि तथा पशु उत्पादन, प्रशोधन तथा वजारीकरणमा जोड दिने ।

९४) व्यवसायी सीप विकासको माध्यमबाट युवाकृषकहरुलाई कृषि तथा पशुपंक्षीको पकेट क्षेत्र संचालन कार्यमा योजना तर्जुमा, यसको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने काममा सहयोग पुर्याउने ।

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद २

## वेरोजगार युवाहरुको लगत संकलन, व्यवसायी फर्म दर्ता तथा क्षमता विकास

### ४. वेरोजगार युवाहरुको लगत संकलन तथा सूचिकृत:

९१) गाउँ कृषि विकास समिति र कृषि तथा पशुपन्छी शाखाको संयुक्त पहलमा विदेशबाट फर्केका युवाहरुको लगत संकलन गरी उनीहरुले गर्न चाहेको कृषि व्यवसाय, हासिल गरेको सिप, लगानी क्षमता र गाउँपालिकाबाट गरेको अपेक्षा सम्बन्धमा प्रतिवेदन तयार गर्नु पर्दछ ।

(२) लगत संकलन पछि प्रतिवेदन तयार गरेर अध्ययन गरी सकेपछि पालिकाले सुचना सम्प्रेशन गरी व्यवसाय संचालनको लागि फर्म दर्ता गर्न एक दिनको सचेतनामूलक अभिमुखिकरण संचालन गर्नु पर्दछ ।

### ५. वेरोजगार युवाहरुको वर्गिकरणः

९१) दफा ४बमोजिम वेरोजगार युवाहरुको सूचि तयार भई सकेपछि वडागत हिसाबले सुचिकृत गरिएका युवाहरुको वडाभेला गराई युवाहरुले गर्न चाहेको कामको वारेमा जानकारी लिइनेछ, साथै युवाहरुको वारेमा गाउँपालिकाले गर्न खोजेको कामको वारेमा पनि जानकारी गराइनेछ । सोही भेलामा युवाहरुको इच्छा र चाहना अनुसार तल उल्लेखित उपदफा (२) अनुसार व्यवसायको आधारमा  युवाहरुको वर्गिकरण गरिनेछ ।

९२) एक भन्दा बढी विषयमा अनुभव, ज्ञान तथा सीप भएकाः आधारभूतरुपमा एकभन्दा बढी विषय वा क्षेत्रमा काम गरी अनुभव हासिल गरेका युवाहरुलाई वजारमूखि मौसमी तथा वेमौसमी तरकारी उत्पादन, च्याउ खेती, रैथाने बालीको उत्पादन, प्रशोधन तथा वजारिकण,  मसला बाली तथा प्रशोधन, फलफूल संकलन, प्रशोधन तथा वजारिकरण, बीउ उत्पादन, प्रशोधन, प्राङ्गारिक कृषि उपज संकलन तथा वजारिकरण, वाख्रापालन, कुखुरा पालन, माछापालन, मह उत्पादन तथा प्रशोधन, एग्रोभेट संचालन, मासु पसल संचालन, दुध संकलन तथा दुग्ध व्यवसाय संचालन आदि विषयवस्तुहरु छनौट गर्न दिनु पर्छ ।

९३) युवाहरुको वर्गिकरण गर्दा उनीहरुको सीप र दक्षताको आधारमा कृषि तथा पशु क्षेत्रको कुन व्यवसाय गर्न चाहन्छन् सोही व्यवसायको आधारमा निजी व्यवसायी फर्म, सामुहिक सहकारी फर्म दर्ता हुनेछ ।

(४) व्यवसाय छनौट गर्दा वजारको माग, नीजि क्षेत्रको संलग्नता, व्यवसाय संचालनमा युवाहरुको क्षमताको आधारमा छनौट गर्नु पर्दछ ।

### ६. निजी व्यवसायी, सहकारी युवा व्यवसायी फर्म दर्ता तथा संचालन:

९१) गाउँ कृषि शाखामा दफा ५ को आधारमा कोभिड १९ बाट प्रभावित भई गाउँपालिकामा फर्केर आएका युवाहरुको कृषि व्यवसाय संचालन फर्म दर्ताको लागि व्यक्तिगत र सहकारी फर्मको अवधारणमा युवा निजी व्यवसायी फर्म र सहकारी युवा व्यवसायी फर्म दर्ता गर्ने छ ।

९२) फर्म दर्ताको सिफारिसर आवश्यक चाहिने सुचना, प्रमाणहरुको बारेमा गाउँपालिका कृषि विकास समिति, सहकारी शाखा, कृषि तथा पशु सेवा शाखाको संयुक्त वैठक संचालन गरी फर्म दर्ताको विषयमा छलफल गरिनेछ । वैठकको निर्णय अनुसार फर्म दर्ताको सिफारिसकोलागि १५ दिने सुचना टाँस गर्नको लागि सम्बन्धित शाखा हरुलाई निर्देशन दिने छ ।

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

९३) दफा ५ को उप दफा (१) र (२) अनुसार व्यवसायको आधारमा वर्गिकरण भएका युवाहरुको निजी व्यवसायी फर्म, सहकारी युवा व्यवसायी फर्म दर्ताको लागि गाउँ सहकारी शाखा र कृषि तथा पशु सेवा शाखाले संयुक्तरुपमा १५ दिने सुचना प्रकाशन गर्नेछ ।

९४) सहकारी व्यवसायी फर्म दर्ताको लागि एकै वडाबाट र नपुगेमा २ वटा वडा मिलाएर कम्तिमा पनि २५ जनाको सदस्यतामा सहकारी व्यवसायी फर्म दर्ता गर्न सकिनेछ ।

९५) दफा ६ को उपदफा (२) मा उल्लेख गरेको तयारी फर्म दर्ताको सिफारिस र आवश्यक प्रमाणहरुको आधारमा फर्म दर्ताको लागि जिल्ला घरेलु तथा साना उद्योग विकास कार्यालयमा पठाइने छ । यसरी दर्ता भई सकेपछि उक्त फर्महरुलाई व्यवसाय संचालनको लागि कृषि तथा पशु सेवा शाखाबाट वार्षिकरुपमा प्रस्ताव आव्हान गर्नु पर्दछ । प्रस्ताव आव्हान गर्नु अगाडि यी व्यवसाय संचालकहरुलाई पहिलो चरणको व्यवसाय प्रस्ताव योजना तयार सम्वन्धी क्षमता विकास तालिम संचालन गर्नेछ ।

## परिच्छेद - ३

## वेरोजगार युवाहरुको निजी व्यवसायी फर्म, सहकारी युवा व्यवसायी फर्मलाई आसय तथा प्रस्तावन आव्हान तथा समझदारी पत्र तयारी

### ८. वेरोजगार युवाहरुलाई आसय तथा प्रस्तावनकार्यान्वयन प्रकृया:

९१) गाउँ कृषि शाखाले विधिवत् रुपमा नियम पुरा गरी दर्ता भएका पहिलो चरणको व्यवसायीक योजना तयारीमा संलग्न युवाहरुलाई लक्षित गरी कृषि तथा पशु व्यवसायमा आधारित व्यवसाय संचालनको लागि ७ दिने योजनाको प्रस्ताव आव्हानको सुचना प्रकाशन गर्नेछ । (सुचना अनुसारको व्यवसायहरु)

९२) प्रस्तावको लागि संचालन गर्न सकिने मुख्य व्यवसायहरु मौसमी तथा वेमौसमी तरकारी खेती, फलफूल तथा डालेघाँस विरुवा उत्पादन (नर्सरी स्थापना), पशु पालन (गाई, भैसी, वाख्रा पालन, कुखुरा पालन), मासु व्यवसाय संचालन, च्याउ खेती, मह संकलन तथा प्रशोधन, एग्रोभेट स्थापनाको लागि निजी व्यवसायी फर्म संचालनको लागि प्रस्तावना आव्हान गर्न सकिनेछ । (सुचना अनुसारको व्यवसायहरु)

९३) गाउँ कृषि तथा पशु सेवा शाखाबाट नसमेटिएका युवाहरुलाई कृषि क्षेत्र विकास कार्यक्रम र अन्य संघसंस्थाहरुबाट संचालन हुने कार्यक्रममा सहभागिताको लागि सहजिकरण गर्नेछ ।

९४) प्रस्तावना आव्हान गरी दर्ता भई सकेका युवा फर्म, सहकारी फर्महरुको कार्यक्षेत्र, घरमा गएर प्रस्तावनामा उल्लेख गरिएका विषयवस्तुहरुमा गाउँ कृषि तथा पशु सेवा शाखाका कर्मचारीहरुले थप अध्ययन गरिनेछ र प्रस्ताव पत्रहरुको प्रारम्भीक छनौटगरि सम्बन्धित वडा पठाउने।

९२) फिल्ड प्रमाणीकरण प्रारम्भीक छनौटबाट उपयुक्त ठहर भएका प्रस्तावहरुको स्थलगत निरिक्षण ( कोभिड १९ बाट प्रभाभित,बैदेशिक रोजगारबाट फर्किएका,एकल महिला दलित जनजाति, प्राविधिक सम्भाव्यता, आर्थिक सम्भाव्यता व्यवस्थापकिय क्षमता, वातावरणिय एव सामाजीक जोखिम न्युनिकरणका उपायहरुको अवलम्वनको विश्लेषण )आदी ।स्थलगत निरिक्षण टिममा सम्बन्धित वडाको अध्यक्ष सयोजक र कृषि बिकास शाखाका

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रबिधिक र कृषि बिकास समितिको सदस्य हुने छ । प्रस्तावनामा उल्लेख भएका विषयवस्तुहरुमा मेल नखाएका प्रस्तावहरु स्वत: खारेज हुनेछ ।

९५) अन्तिम स्विकृतिका लागि कृषि बिकास शाखा समक्ष पेश(स्थलगत प्रमाणिकरण प्रतिवेदन तथा मुल्याकन प्रतिवेदनका आधारमा )गाउँ पालिकाकोकृर्षि बिकास समितिको वैठक संचालन गरी प्रस्तावित कार्यक्रमहरुको प्रस्ताव स्वीकृत गरिनेछ ।

९६) समझदारी पत्रको साथमा बिस्तृत रुपमा प्रस्तावित कार्यक्रम, लक्षित वर्ग र घरधूरि आदि खुल्ने गरी नतिजा हासिल गर्न सकिने सूचकहरु समावेश गरी गरिनेछ । उक्त प्रस्तावित कार्यक्रममा चौमासिक रुपमा कुनकुन क्रियाकलापहरु संचालन गर्ने हो प्रष्ट खुलेको हुनु पर्नेछ ।

९४) सम्वन्धीत साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्दाको हकमा गाउँपालिकाको तर्फबाटगाउँपालिकाकोकार्यकारी वा तोके पदाअधिकारी र अनुदानग्राहीहरु विच सँग सम्झौता गरिनेछ ।

९५) समझदारी पत्रमा उल्लेख गरिए बमोजिमको ढाँचामा प्रस्तावकले प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्नेछ ।

९६) गाउँ कृषि तथा पशु सेवा शाखाले कार्यक्रमको अनुगमन गरी कार्य प्रगतिको आधारमा उपलब्ध गराउनु पर्ने रकम सिफारिश गर्ने छ र सो को आधारमा गाउँ पालिकाले प्रस्तावकको वैंक खातामा किस्तावन्दिरुपमा जम्मा गरी दिनेछ ।

९७) समझदारी पत्रमा प्रस्तावकले कार्यक्रम कार्यान्वयन गरी सकेपछि चौमासिक रुपमा आर्थिक तथा प्रगतिको प्रतिवेदन कृषि तथा पशु सेवा शाखामा बुझाउने गरी तयार गरिनेछ ।

९८) समझदारी पत्रमा यस कार्यविधिमा उल्लेख नभएका आवश्यक शर्तहरु समावेश गर्न सकिनेछ ।

## कार्यान्वयन प्रकृया ( Implementation Process )

प्रस्ताव (Proposal)आव्हान,संकलनतथा प्रारम्भिक छनौट, उप आयोजनाको मुल्यांकन एंव स्थलगत प्रमाणिकरणतथाउप-आयोजनाकार्यान्वयनसंझौता, अनुगमन तथा सुपरिवेक्षण।

| चरण | | कृयाकलापहरु | जिम्मेवार इकाइ | कैफियत |
|---|---|---|---|---|
| **चरण १ उप-आयोजनापुर्णप्रस्ताव आव्हान,पेशतथा प्रारम्भिक छनौट** | | | | |
| | ➡ | प्रस्तावपत्र आव्हान सुचाना | कृषि बिकास शाखा | अनुसूची - १ |
| | ➡ | प्रस्तावपत्र दर्ता | कृषि बिकास शाखा | अनुसूची – २<br>अनुसूची - ३ |
| | ➡ | प्रस्ताव पत्रहरुको प्रारम्भीक छनौट गरि सम्बन्धित वडा पठाउने | शाखा प्रमुख | |
| **चरण २ प्रस्ताव मुल्यांकन तथा स्थलगत प्रमाणिकरण** | | | | |

टोप बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | प्रारम्भीक छनौटबाट उपयुक्त ठहर भएका प्रस्तावहरुको स्थलगत निरिक्षण (कोभिड १९ बाट प्रभाभित,बैदेशिक रोजगारबाट फर्किएका,एकल महिला दलित जनजाति,प्राविधिक सम्भाव्यता, आर्थिक सम्भाव्यता व्यवस्थापकिय क्षमता, वातावरणिय एव सामाजीक जोखिम न्युनिकरणका उपायहरुको अवलम्वनको विश्लेषण ) आदी | स्थलगत निरिक्षण टिम<br><br>सम्बन्धित वडा सयोजक<br>कृषि बिकास शाखाका प्रबिधिक<br>कृषि बिकास समितिको सदस्य | अनुसूची ५ |
| चरण ३ | **कार्यान्वयन सम्झौता, अनुगमनतथा सुपरिवेक्षण** | | | |
| | | अन्तिम स्विकृतिका लागि कृषि बिकास शाखा समक्ष पेश(स्थलगत प्रमाणिकरण प्रतिवेदन तथा मुल्याकन प्रतिवेदनका आधारमा ) | कृषि बिकास समितिको बैठक | |
| | | कार्यान्वयन सम्झौतामा हस्ताक्षर | कृषि बिकास शाखा र अनुदानग्राहीहरु विच र गाउँ पालिका | अनुसूची ४ |
| | | कार्यान्वयन अनुगमन तथा सुपरिवेक्षण | कृषि बिकास समिति./ कृषि बिकास शाखा र गाउँ पालिका रनेपाल कृषि सेवा विकास कार्यक्रम प्रयास | |

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### ९. प्रस्तावित कार्यक्रमको कार्यान्वयन: :

९९) प्रस्तावित कार्यक्रम स्वीकृत भई सकेपछि, युवा फर्म संचालन गर्नेहरुले आफुले वनाएको कार्यक्रमलाई रामोसँग अध्ययन गर्नु पर्दछ । कुन क्रियाकलाप कुन महिनामा संचालन गर्ने हो योजना तालिका वनाई कार्यक्रमको शुरुआत गर्नु पर्दछ । सोही अनुसार चाहिने आवश्यक कच्चा पदार्थ, सामग्री, भौतिक पूर्वाधारहरुको संरचना निर्माण गर्नु पर्दछ ।

१००) सहकारी फर्म संचालन गर्नेहरुले सहकारी भित्र भएको सदस्यताको आधारमा पहिलो वर्ष कति जनालाई सेवा प्रदान गर्न सकिन्छ, प्रस्ताव गरेका कामहरु वजेटको आधारमा व्यक्तिगतरुपमा वा सामुहिक रुपमा

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

कसरी संचालन गर्ने हो सो बारे कार्यसमितिको वैठकमा निर्णय गरी सोही अनुसार कार्यविभाजन गर्नु पर्दछ । कुन कार्यक्रम कुन महिनामा संचालन गर्ने हो सो को वार्षिक कार्यपात्रो तयार गरी सोही अनुसार कार्यक्रम संचालन गर्नु पर्दछ । यदि मौसमी/वेमौसमीतरकारीखेतीगर्नेहोभनेकतिजनालाईप्रस्ताव गरेको हो सो कुरालाई पुनरविचार गरी सदस्यता निर्धारण गरी कार्यक्रमलाई अगाडि बढाउनु पर्दछ ।

१०१) कृषि सामाग्रीहरु बीउ, औजार, औषधि, भिटामिन, दानाहरु खरिद गर्नु अगाडि सार्वाजनिक खरिद ऐन २०६३ को अधिनमा रही सार्वाजनिक खरिद नियामावली २०६४ को आधारमा खरिद योजना तयार गरी सोही अनुसार खरिद प्रक्रृयालाई अगाडि बढाउनु पर्दछ ।

१०२) सेवाग्राहीहरुले आफुलाई कुन प्रकारको प्राविधिक सहयोग चाहिने हो, सो बारे सम्वन्धीत कृषि तथा पशु सेवा शाखाको प्राविधिकहरुको मोवाइल नं. लिएर समय समयमा प्राविधिक सल्लाह लिन सकिनेछ ।

१०३) कृषि तथा पशु सेवा शाखाका कर्मचारीहरुले पनि सेवाग्राहीहरुलाई कुन कुन विषयमा प्राविधिक सहयोग उपलब्ध गराएमा कार्यक्रम प्रभावकारी हुन्छ सोही अनुसार सेवाग्राहीहरुको क्षमता विकासको तालिम, गोष्ठी संचालन गर्नु पर्दछ ।

१०४) समय समयमा कृषि तथा पशु सेवा शाखा प्रमुख तथाप्राविधिकहरु बिच बैठक संचालन गरी कार्यक्रम संचालनमा आइ परेका समस्या र चुनौतीहरुको वारेमा सल्लाह सुझाव दिनु पर्दछ ।

## परिच्छेद ५

## विविध

**१०. प्रचलित कानून वमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम लागु हुनेछ ।

**११. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै व्दिबिधा भएमा सो को निवारण गाउँ कार्यपालिकाले गर्नेछ ।

**१२. संसोधन तथा खारेजीः** यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार संसोधन तथा खारेज गर्न सक्नेछ ।

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १

युवा तथा कोभिड १९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन

(एकल महिला,दलित,जनजाति यूवाकृषक घरधुरीलाई तरकारी खेती/च्याउ / अन्य) सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस गाउँपालिकाको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार बैदेशिक रोजगारीबाट फर्किएका,एकल महिला,दलित,जनजाति यूवाहरुलाई तरकारी खेती/ च्याउ खेती सम्बन्धि कार्यक्रमको माध्यमवाट कोभिड १९ महामारी तथा बाढीपहिरोबाट प्रभावित कृषक घरधुरीको खाद्यान्न, कृषि प्रसार सेवाको प्रवाह, कृषि उद्यम तथा वजारमा पहुँचका माध्यमबाट खाद्य सुरक्षा तथा आम्दानीमा टेवा पुग्ने छ रोजगार प्रवद्र्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार यूवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ दिन भित्र सम्बन्धित गाउँपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता बैदेशिक रोजगारीबाट फर्किएका आदी) को प्रतिलिपिहरु ।

५ गाउँपालिकाको सम्ब्न्धित वडाको सिफारिश ।

अनुसूची - २

युवा तथा कोभिड १९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

सिम्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल

सम्बन्धि कार्यक्रममा आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् कृषि बिकास शाखा प्रमुख ज्यू,

सिम्ता गाउँ पालिका, सुर्खेत ।

विषय ः कोभिड १९ महामारी तथा बाढीपहिरोबाट प्रभावित बैदेशिक रोजगारीबाट र्फकिएका तथा एकल महिला,दलित,जनजाति यूवा कृषक घरधुरीलाई तरकारी खेती/च्याउ / अन्य सम्बन्धि कार्यक्रम लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय, मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले तपसिल वमोजिममा कागजान संलग्न राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित पालिका भित्रै रही कार्य गर्नेछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

३. फर्मरसमूहरसमितिरसहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा ब्यक्तिगत कृषक ।

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु) ।

५. बैदेशिक रोजगारवाट र्फकेकाको हकमा पासपोर्टको प्रतिलिपि ।

६. परियोजना छनौट भएमा  कार्यान्वयन गर्ने प्रतिवद्धता ।निवेदकको

नाम ः

दस्तखत ः

ठेगाना ः

अनुसूची - ३

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

युवा तथा कोभिड १९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धनसम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी यूवा/यूवतीको नाम थर ः

ठेगाना ः .................. गाउँ/टोल ः ................... वार्ड नं. ः ....... गा.वि.स. ः ................ जिल्ला ः ...................

संचालन गर्न खोजेको ........... सम्बन्धि व्यवसाय र स्थान ः सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी ः आफ्नो लगानि ः आफ्नो पारिवारिक श्रम ः व्यवसायवाट उत्पादन हुने वस्तु ः उत्पादित कृषि बस्तुको परिमाण ः

बजारयोग्य परिमाण ः

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन रु

फर्मरसमुहरसमितिरसहकारीको नाम ः सम्पर्क नम्वरः

ठेगाना ः गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवसाय संचालन गरिने स्थान ः

संचालन गरिने कार्य विवरणः

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ब्यवसाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेकोरु वर्ष.........महिना....... व्यवसायको लागि श्रमको व्यवस्थापन ः क) पारिवारीक ख) वाहिरबाट ग) दुवै

तर्फ वाट सहि गर्नेको

नाम ः संस्थाको छापः (संस्थाको हकमा)

पद ः दस्तखत ः मिति ः

अनुसूची ४

युवा तथा कोभिड १९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रबर्धन सम्बन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

यस गाउँपालिकाको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम कृषि विकास शाखा ........ मार्फत संचालन गरिने चालु आ.व२०७७/७८ को स्वीकृत कोभिड १९ महामारी तथा बाढीपहिरोबाट प्रभावित कृषक घरधुरीको खाद्यान्न, कृषि प्रसार सेवाको प्रवाह, कृषि उद्यम तथा वजारमा पहुँचका माध्यमबाट खाद्य सुरक्षा तथा आम्दानीमा टेवा पुग्ने रोजगार प्रवद्र्धन कार्यक्रम संचालन गर्न सिम्ता गाउँपालिकाका, ९यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती .................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार प्रस्तावित रकम २ किस्तामा/कार्यबिधि अनुसार सामाग्री वा सोझैं नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको संचालन गरिने क्रियाकलाप अनुसूची अनुसनर व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूणर् जिम्मेवारी दोश्रो पक्ष स्वयं आफंै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

६ यो योजनाको कुल लागत अनुमान नेपाली रु रहेको छ । जस अन्तगत नेपाली रु अनुदान सहयोगको रुपमा उपलब्ध गर्राईने छ र बाकी नेपाली रु अनुदानग्राहीले ब्योहर्नु पर्ने छ ।अनुसुची अनुुसार ।

७. यस समझदारीको कार्यान्वयन अवधि

शुरु हुने मितिः २०७७/०/० (अक्टोबर १४, २०२०)

समाप्त हुने मितिः २०७७/००/०० (नोभेम्बर २२, २०२०)

आवश्यक प्रतिवेदन, बील, भरपाई तथा कागजातहरु पेश गर्ने समय सहित)

| पहिलो पक्ष<br>सिम्ता गाउँपालिकाका कार्यालयको तर्फवाट सहि गर्नेको | दोश्रो पक्ष<br>यूवा उद्यमी वा संस्थाको तर्फबाट सहि गर्नेको |
|---|---|
| नाम ः | नाम ः |
| पद ः | पद ः |
| दस्तखत ः | दस्तखत ः |
| मिति ः | मिति ः |
| | संस्थाको छाप (संस्थाको हकमा) |

टोप बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

साक्षी

सिम्ता गाउँपालिकाका कृषि शाखा तर्फवाट सहि गर्नेको

नाम ःः

पद ःः

दस्तखत ःः

मिति ःः

कार्यालयको छाप ःः

सम्पर्क फोन नं. ःः

साक्षी

नाम ःः

ठेगाना

दस्तखत ःः

मिति ःः

सम्पर्क फोन नं. ःः

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

युवा तथा कोभिड १९ प्रभावित वैदेशिक रोजगारबाट फर्किएका व्यक्ति लक्षित कृषि व्यवसाय प्रवर्धनतरकारी खेती/च्याउ सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसायप्रतिको अनुभव/तालिम (१५) | पेश गरेको कार्ययोजना (२०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (२५) | वास्तविक लक्षित वर्ग (बैदेशिक रोजगारीबाट फर्किएका,एकल महिला,दलित,जनजाति यूवाहरुर) (४०) | कुल प्राप्ताङ्क (१००) ) कुल प्राप्ताङ्क (१००)) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मुल्यांकन गर्ने पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति ः

१.

२.

३

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत